शहीदनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
युद्धकूहा, धनुषा
मधेश प्रदेश, नेपाल
Website-shahidnagarmun.gov.np
☎ ०४१-४१००२०,
☎ ०४१-४१००१९
Email:-ito.shahidnagarmun@gmail.com

पत्र संख्या:- २०७९/०८०

मिति:- २०८०।०३।२०

**विषय: सीपमूलक तालिमका लागि आवेदन दिने सम्बन्धि सूचना**

प्लान ईन्टरनेशनल नेपाल र जानकी महिला जागरण समाज (JWAS) को संयुक्त साझेदारी तथा यस **शहिदनगर नगरपाकिसँगको** समन्वयमा यस पालिकामा संचालित **दक्ष युवा परियोजना** अर्न्तगत १८ देखी २४ वर्ष उमेर समुहका युवा महिला तथा पुरुषहरुलाई रोजगार तथा स्वरोजगार बनाउने उद्देश्यले तपसिलमा उल्लेखित विषयमा **निशूल्क सीपमुलक तालिम** संचलान गरिने भएको हुँदा यस नगर/गाउँ पालिकामा स्थायी रुपमा बसोवास गर्ने युवा महिला तथा पुरुषहरुले यो सुचना प्रकाशित भएको मितिले १० दिन भित्र आफूले सिक्न चाहेको सीपमूलक तालिमको विषय प्राथमिकताको अधारमा ३ वटासम्म उल्लेख गरी यस पालिकाकाको रोजगार शाखा/उद्यम विकास शाखामा यसै सूचनाको साथ संलग्न फारम ढाँचामा निवेदन पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वा नागरिकताको प्रतिलिपी पछि पेश गर्ने भएमा जन्म मिति र नाम खुल्ने जन्मदर्ता अथवा जन्म सिफारिस पत्र आदि।

२. तोकिएको ढाँचा अनुसारको दरखास्त फाराम

**संचालन गरिने सीपमुलक तालिमहरुको विवरण:**

| रोजगारमुलक सीप तालिमहरु | स्वरोजगारमुलक सीप तालिमहरु | |
|---|---|---|
| ईलेक्ट्रीसियन | हाउस अप्लायंस रिपेयरिंग (मोटर, पंखा, एसी, कुलर, मिक्सचर मर्मत) | होटेल सञ्चालन सीप तालिम |
| पलम्बर | अटो/मोटरसाइकल मर्मत (ग्यारेज) | कुखुरापालन (लोकल, ब्रोइलर कुखुरा पालन) |
| होटेल वेटर | व्युटीपार्लर | मोवाईल/टिभि मर्मत |
| होटेल कुक | हेयर कटिङ्ग | मत्स्य पालन |
| सिकर्मी | अटो ड्राइभिङ्ग, ड्राइभिंग | कागति खेति सीप तालिम |
| कम्प्युटर अपरेटर (हार्ड वेयर सफ्टवेयर) | पशु पालन (दुग्ध उत्पादन: गाई भैंसी) | अचार बनाउने तालिम |
| होटेल रिसेप्सेनिष्ट | मौरी पालन | पापड बनाउने तालिम |
| वेकर | एग्रोभेट संचालन सीप तालिम | डिटरजेण्ट पाउडर बनाउने |
| हाउस किपिंग | सामुदायिक कृषि कार्यकर्ता | दालमोट, चिप्स बनाउने |
| सेक्युरिटी गार्ड | ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता | अगरबत्ति बनाउने |
| | व्यवसायिक तरकारी खेती तालिम, केरा खेति | आइसक्रिम बनाउने |
| | मार्वल टायल फिटिङ्ग | पेन्टिंग, मिथिला पेन्टिंग |

**पूनश्च:**

- माथि उल्लेखित विषयहरुमा तालिमहरु सञ्चालनका लागि कम्तिमा १५ जना सहभागी हुनुपर्ने भएकोले यदि कुनै सहभागीले पहिलो प्राथमिकतामा छनोट गरेको विषयमा १५ जना सहभागी नपुग्ने भएमा दोश्रो वा आवश्यक्ता अनुसार तेश्रो विकल्प समेत छान्नु पर्ने हुन सक्छ। साथै सहभागी संख्याहरु अपुग भएमा वा परिस्थिति जन्य वाध्यताले उल्लेति तालिमहरुमध्ये कुनै तालिम सच्चालन नहुन पनि सक्नेछन्।
- यस पालिकामा प्लान नेपालको अन्य साझेदारसंस्थाहरुबाट यस्तै प्रकृतिको अन्य कार्यकममा सहभागी भएको आवेदकलाई अन्तिम नामावली छनोटमा प्राथमिकतामा राखिने छैन



CamScanner

- दलित, जनजाति, पछाडि पेरेको समुदाय, अपाङ्गता भएको व्यक्ति तथा स्पोन्सर बालबालिकाको परिवारलाई सीपमूलक तालिमको आवेदनका लागि प्रोत्साहन गरिन्छ साथै प्राप्त आवेदनहरुमध्येबाट अन्तिम नामावली तयार पार्दा त्यस्ता व्यक्ति तथा परिवारलाई प्राथमिकतामा राखिने छ । तालिमका लागि छनोट हुने सहभागीको अन्तिम नामावली छनोट र प्रकाशन पालिकाको रोजगार/उद्यमशिलता विकास शाखामार्फत हुनेछ ।
- अन्तिम नामावलीमा छनोटमा परेका सहभागीलाई सीपमूलक तालिमको लागि कुनै तालिम शूल्क लाग्ने छैन ।
- सीपमूलक तालिमका लागि आवेदन फारम यस साझेदार संस्था जानकी महिला जागरण समाज (JWAS) बाट निशूल्क उपलब्ध गराइने छ र फारम वितरण रोजगार/उद्यमशिलता विकास शाखामार्फत हुनेछ ।
- नियमित कार्यकमअन्तर्गत यस अघि पालिकाको रोजगार शाखामा आवेदन दिएर सूचिकृत रहेका वेरोजगार १८–२४ वर्ष उमेर समूहका युवाहरुलाई समेत छनोटका लागि प्राथमिकतामा राखिने छ ।

**सम्पर्क गर्ने तथा आवेदन पेश गर्नु पर्ने स्थान:**

सम्पर्क गर्न सकिने व्यक्तिहरु: पालिकाको रोजगार/उद्यमशिलता विकास संयोजक तथा सरिता माझी, सम्पर्क नं ९८२४८४७७८० (ह्व्व)

आवेदन पेश गर्ने स्थान: नगर/गाउँ कार्यपालिकाको कार्यालय अर्न्तगतको रोजगार/उद्यमशिलता विकास शाखा

दिनेश प्रसाद यादव
नगर प्रमुख



CamScanner